# हरिनगर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### हरिनगरा, सुनसरी
### कोशी प्रदेश, नेपाल

**करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः-२०८०/०१/६**

यस कार्यालय तथा अन्तर्गतका लागि तपसिल बमोजिमको पदहरुका कर्मचारीहरु आवश्यक रहेको र सो पदहरुमा सेवा करार मार्फत सेवा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपूर्वकको दरखास्त पेश गर्न हुन यो भर्ना आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग संख्या | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | १३ /२०७९/०८० | अमिन | सहायकस्तर चौथो | इन्जिनियरिङ्ग | सर्भे | १ (एक) | लिखित तथा अन्तर्वार्ता |
| २. | १४/२०७९/०८० | हलुका सवारी चालक | सहायकस्तर प्रथम तह | प्रशासन | सामान्य प्रशासन | २ (दुई) जना | प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता |
| ३ | १५/२०७९/०८० | ट्रयाक्टर सवारी चालक | सहायकस्तर प्रथम तह | प्रशासन | सामान्य प्रशासन | २ (दुई) जना | प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता |
| ४ | १६/२०७९/०८० | हेभी सवारी हेल्पर | सहायक प्रथम तह | प्रशासन | सामान्य प्रशासन | १ (एक) जना | अन्तरवार्ता |

**१) दरखास्त दिने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा, हरिनगरा, सुनसरी ।

**२) उमेद्वारको उमेर हद तथा योग्यता र पेश गर्नु पर्ने कागजातमहरुः**

(क) विज्ञापन नं. १३ का लागि दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

(ख) विज्ञापन नं. १४ र १५ का लागि दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ग) विज्ञापन नं. १६ का लागि दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

(घ) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

(ङ) विज्ञापन नं. १३ का लागि एस.एल.सी. वा सो सरह उतीर्ण गरी मान्यता प्राप्त शैक्षिक संस्थाबाट अमिनको तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी ।

(च) वि.नं. १४ र १५ का लागि सम्वन्धित सवारीको सवारी चालक अनुमति प्राप्त प्रमाण पत्रको प्रतिलिपी ।

(छ) वि.नं. १४, १५ र १६ का लागि साधारण लेखपढ गर्न जानेको हुनु पर्नेछ ।

(ज) उमेद्वारले पेश गरेको प्रमाणपत्रको प्रतिलिपी कागजातहरुको पछाडि उमेद्वार स्वयम्ले सक्कल वमोजिम नक्कल ठीक छ भनी सही गर्नु पर्ने छ ।

(झ) प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने छ ।

**३) दरखास्त दस्तुर बुझाउने स्थानः** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय राजस्व शाखा, हरिनगरा, सुनसरी ।

**४) दरखास्त फारम पाउने स्थानः** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा हरिनगरा, सुनसरीबाट प्राप्त गर्न सकिने छ ।

**५) दरखास्त दिने अन्तिम मितिः** २०८०/०१/२० गते र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयसम्म ।

**६) दरखास्त फारम दस्तुरः** (क) अमिनको लागि रु.५००।- (ख) सवारी चालकहरुको लागि रु ४००।- (ग) हेभी सवारी हेल्परका लागि रु. ३००।-

**७) पाठ्यक्रमः** तोकिए वमोजिम हुनेछ ।

**८) पारिश्रमिकः** सम्झौता वमोजिम हुनेछ ।

**९) काम गर्नु पर्ने अवधिः** आ.व. २०७९।०८० का लागि हुनेछ । सो पश्चात कार्यालयको आवश्यकता र उमेदवारको कार्य सम्पादन क्षमताका आधारमा सम्झौता अवधि थप हुन सक्नेछ । यही करार नियुक्तिको आधारमा पछि अस्थायी वा स्थायी नोकरीका लागि कुनै किसिमको आधार वा दावी लाग्ने छैन ।

**१०) परीक्षा सञ्चालन मितिः** सम्पर्क मितिको दिन तोकिने छ । अन्य थप जानकारीका लागि कार्यालय समयमा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।